# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ३ संख्याः ४ मितिः २०७७/०६/२६

## भाग–२

**लैङ्गिक हिंसा निवारण कोष संञ्चालन कार्यविधि, २०७७**

**स्वीकृत मिति:२०७७।६।२०**

**प्रमाणिकरण मिति:२०७७।६।२६**

# लैङ्गिक हिंसा निवारण कोष संञ्चालन कार्यविधि,२०७७

स्वीकृत मिति:२०७७।६।२०

प्रमाणिकरण मिति:२०७७।६।२६

प्रस्तावना:

नगर क्षेत्रभित्र हुने लैङ्गिक हिंसामा परेका व्यक्तिहरुका लागि राहत वा पुनर्स्थापनाका लागि कोष खडा गरी कार्यान्वय गर्ने वातावरण बनाउन बाञ्छनीय भएकोले बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगर कार्यपालिकाको मिति २०७७ असोज २० मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरि लागू गरेको छ ।

**१. संक्षिप्त नाम प्रारम्भ** : (१) यो कार्यविधिको नाम “लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि ”२०७७ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “कार्यालय ” भन्नाले बनेपा नगरपालिकाको  कार्यालय सम्भmनु पर्छ ।

(ख  “कोष ” भन्नाले नियम ३ बमोजिमको लैङ्गिकहिंसा निवारण कोष सम्झनुपर्छ ।

(ग) “नगरपालिका ” भन्नाले बनेपा  नगरपालिका सम्झनु पर्छ ।

(घ) “नियमावली” भन्नाले नेपाल सरकारबाट स्वीकृत भएको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ सम्झनु पर्दछ ।

(ङ) “पीडीत ” भन्नाले लैङ्गिकहिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(च) “लैङ्गिकहिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य  व्यवहार लगायत लैङ्गिकहिंसा सम्झनु पर्दछ ।

(छ) “स्थानीय तत्काल उद्वार तथा राहत समिति ” भन्नाले नियम ७ बमोजिम नगरपालिकामा गठन हुने स्थानीय तत्काल उद्वार तथा राहत समिति सम्झनु पर्छ ।

**३. लैङ्गिक हिंसा निवारण कोषको स्थापना :** (१) बनेपा नगरपालिकाबाट लैङ्गिकहिंसा निवारण कोष नामको एक कोषको स्थापना गरिने छ ।

(२) उपदफा (१)बमोजिमको कोषमा रहेको रकम नगरपालिकाले  नियमावलीको नियम (५) को उपदफा ( १) बमोजिमको काममा मात्र प्रयोग हुनेछ ।

**४. लैङ्गिक हिंसा निवारण कोषमा जम्मा हुने रकम**: (१) लैङ्गिकहिंसा निवारण कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) नगरपालिका बाट प्राप्त हुने रकम,

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारले वार्षिक रुपमा गर्ने खर्चको केन्द्र सरकारले तोके बमोजिमको रकम,

(ङ) स्वदेशी व्यक्ति,वा संघ संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोत बाट प्राप्त रकम,

५. **कोषमा रकम जम्मा गर्नुपर्ने दायित्व** :- महिला तथा बालबालिकाको हक हितको क्षेत्रमा बनेपा नगरपालिका भित्र कार्यरत गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको बनेपा नगरपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकम नघटाई कोषमा जम्मा गर्नु पर्ने छ ।

६. **कोषको उपयोग** : (१) लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम लैंगिक हिंसा पीडितहरुको सहयोगार्थ देहाय बमोजिमको काममा खर्च गरिने छ ।

(क) तत्काल उद्वार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न ।

(ङ) कुनै व्यवसाय वा स्वरोजगारी सञ्चालन गर्नको लागि बीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न ,

(च) पुर्नस्थापना गराउन,

(छ) लैङ्गिकहिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा त्यस्तो क्षतिपूर्ति दिन,

(च) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिकहिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिकहिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिम कोषको उपयोगको लागि बनेपा नगरपालिकाले आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

७. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : (१) कोषको रकम कार्यविधिको दफा ६ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिको सचिवालय तथा बैठक संञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

८. **स्थानीय तत्काल उद्वार तथा राहत समिति** :

(१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजनका लागि बनेपा नगरपालिकाका प्रमुख सल्लाहकार रहेको देहाय बमोजिमको तत्काल उद्वार तथा राहत समिति रहनेछ ।

(क) उपप्रमुख, बनेपा नगरपालिका - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, बनेपा नगरपालिका - सदस्य

(ग) प्रमुख, इलाका प्रहरी कार्यालय, बनेपा - सदस्य

(घ) प्रमुख, कानून शाखा, बनेपा नगरपालिका - सदस्य

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने संस्थाको तर्फबाट प्रमुखले मनोनित गरेको एक जना प्रतिनिधी- सदस्य

(च) प्रमुख, महिला विकास शाखा, बनेपा नगरपालिका - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(३) स्थानीय तत्काल उद्वार तथा राहत समितिको सचिवालय बनेपा नगरपालिकाको महिला विकास शाखामा हुनेछ ।

(४) स्थानीय तत्काल उद्वार तथा राहत समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिले केन्द्रीय तत्काल उद्वार तथा राहत समितिसँग समन्वय गरी काम गर्नु पर्नेछ ।

९. **स्थानीय तत्काल उद्वार तथा राहत समितिको काम कर्तव्य अधिकार** : स्थानीय तत्काल उद्वार तथा राहत समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिकहिंसा निवारणको सम्बन्धमा नेपाल सरकार, बागमती प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने ।

(ख) पीडितलाई तत्काल उद्वार तथा राहत र आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) लैङ्गिकहिंसा निवारण कोषको वृद्धका लागि उपयुक्त स्रोतहरुको खोजी गरी स्रोत जुटाउने ।

(घ) तत्काल उद्वार तथा राहत र आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

(ङ) बनेपा नगरपालिकामा लैङ्गिकहिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न सघं, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(च) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(छ) कोष वृद्विको लागि स्रोतको खोजि गर्ने ।

(ज) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने गराउने ।

१०. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :-

(क) पीडितलाई तत्काल उद्वार गर्न सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजानिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा तीन हजार पाँचसय रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा, अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीनसय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च बापत प्रतिदिन पाँचसय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च र पीडितसँग आश्रित बालबच्चा भए त्यस्ता बालबच्चाका लागि सोही दरमा खाना खर्च,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दुई हजार पाँचसय रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नका लागि बीउ पूँजीको रुपमा वस्तुगत नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैयाँ,

(ङ) पुर्नस्थापनाको लागि बढीमा पाँच हजार पाँचसय रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पाँच हजार रुपैयाँ,

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई स्थानीय तत्काल उद्धार तथा राहत समितिमा अनुसुची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले नियम ९ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

**१२. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि जलाईएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षती हुने देखिएमा र संञ्चालक समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा संञ्चालक समितिको अध्यक्षले आवश्यकता र औचित्यताका आधारमा मनासिब रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी संञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्ने छ ।

**१३. छुट्टै खाता खोल्नुपर्ने :**

(१) स्थानीय तहले दफा ४ बमोजिम प्राप्त भएको रकम स्थानीय लैङ्गिक हिंसा निवारण कोषको नाममा मान्यता प्राप्त बैंकमा छुट्टै खाता खोलि जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता बनेपा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**१४. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आय ब्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१५. आवर्तित (रिभल्भिङ) कोष** : यस कार्यविधि बमोजिम खोलिएको कोष आवर्तित (रिभल्भिङ) कोषको रुपमा रहनेछ ।

**१६. प्रतिवेदन पेश गर्ने :** (१) स्थानीय तत्काल उद्धार तथा राहत समितिले सो समितिबाट भए गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगर कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको कार्यपालिकाले नगरपालिकाको कार्यालय माफर्त प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

१७. **बैठक भत्ता :** समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

१८. **निर्देशन दिन सक्ने :** नगरपालिकाले समितिको  काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१९. **कार्यविधिमा संशोधन :** नगरपालिकाले आश्यकता अनुसार स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कार्यविधिमा संशोधन वा थपघट गर्न सक्नेछ ।

**अनुसूचि १**

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित )

**विषय : सहयोग उपलब्ध गराई पाउँ ।**

श्री अध्यक्षज्यू,

स्थानीय तत्काल उद्दार तथा राहत समिति

बनेपा नगरपालिका ।

म बनेपा नगरपालिका वडा नं. .. बस्ने वर्ष...... को ... ... ... .... .... .. मिति ... ... ... ... ....मा लैङ्गिकहिंसा बाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिकहिंसा( ... ... ... ... ..... ... ... )भएको कारणले मेरो मानसिक /शारीरिक/समाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार /कानूनी सहायता एवं परामर्श /उद्दार/मनोविमर्श/ स्वरोजगार/पुर्नस्थापना/अन्य ( ...................... ) कामको लागी सहयोगको आवश्यकता परेको हुँदा लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको

नाम थर ..........................

ठेगाना ............................

सम्पर्क नं.... ... ... ...

दस्तखत ...........................

मिति ...............................

आज्ञाले

कविराज उप्रेती

प्रमुख प्रशासकीय अधिकृत